**दुहवी नगरपालिका**

**स्थानीय सरकार**

**नगर कार्यपालिकाको कार्यालय**

**दुहवी, सुनसरी**

**विषयः वार्तामा सहभागी हुन को लागि ७ दिने सूचना।**

**मिति :२०८२/०२/२३**

यस दुहवी नगरपालिकाको स्वामित्वमा वडा नं. ५ मा रहेको किनं. ४३३ को ज.वि. ८ कठ्ठा १५ धुर (०-८-१५) खालि जमिनमा "व्यवसायिक भवन निर्माण, सञ्चालन तथा व्यवस्थापन आयोजना" सार्वजनिक निजी साझेदारीमा निर्माण, सञ्चालन व्यवस्थापन तथा हस्तान्तरणको ढाँचामा गरिने भएकोले यस पालिका बाट मिति २०८१/१०/२५ मा प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न भनि ३० दिने सुचना जारी गरेकोमा तोकिएको समय भित्र आशय पत्र सुचिकृत भएको फर्मले प्रस्ताव दर्ता नगरेको तथा यसै सन्दर्भमा पुनः मिति २०८१/११/२६ गते दोस्रो पटक प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न भनि १५ दिने सुचना आह्वान गर्दा समेत कुनै प्रस्ताव दर्ता नभएको हुँदा इच्छुक लगानीकर्ता/फर्म/व्यक्ति/संस्थाले साझेदारीबाट यस दुहबी नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०८० को दफा २२ र कार्यविधि, २०८१ दफा १० को अधिनमा रहि यो मिति २०८२/०२/२३ गते देखि २०८२/२/२९ गते ७ दिन भित्र यसै कार्यालयमा वार्ता को लागि आह्वान गरिन्छ। वार्ताको लागि तोकिएको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस्को भोलिपल्ट सोहि समयमा उपस्थित भई वार्ता गर्न सकिनेछ। यस आयोजनाको आधार तथा विवरणको थप जानकारीको आवश्यकता परेमा यस कार्यालयको शहरी पूर्वाधार विकास शाखामा सम्पर्क गरी लिन सक्नु हुनेछ।

**क. वार्ताको लागि यस कार्यालयमा छलफलका आधारहरु :-**

१. **कार्यालयको नाम :** दुहवी नगरपालिका, दुहवी, सुनसरी।

२. **आयोजनाको जग्गाको विवरण : दुहबी न.पा** वडा नं. ५ मा रहेको किनं. ४३३ को ज.वि. ८ कठ्ठा १५ धुर (०-८-१५) खालि जमिनमा

३. **आयोजनाको नाम:** व्यवासयिक भवन निर्माण, सञ्चालन तथा व्यवस्थापन योजना।

४. **कार्यान्वयन गरिने सार्वजनिक निजी साझेदारीको ढाँचा:** निर्माण, सञ्चालन व्यवस्थापत तथा हस्तान्तरण।

५. **निर्माण हुने भवनको विवरण :**

**५.१ सम्बन्धित खालि जमिनमा निर्माण हुने भवनको साइट प्लान (Site Plan) बमोजिमको हुनेछ। साथै सो सम्बन्धमा थप विवरण पूर्वाधार शाखा बाट बुझ्न सकिनेछ।**

**५.२ निर्माण हुने भवनको किसिम :** स्टिल फ्रेम इस्ट्रक्चरको हुनेछ।

६. **वार्ताको लागि समय तथा स्थान देहाय बमोजम को हुनेछ :-**

६.१ वार्ता को लागि सम्पर्क गर्न स्थान र समय सुचना प्रकाशन भएको मिति देखि अन्तिम समय सम्म दैनिक २ बजे देखि ४ बजे सम्म दुहबी न.पा को सा.नि.सा ईकाइको कार्यालय ( पूर्वाधार विकास शाखा )

२०८२/२/२३

सुवर्ण घिमिरे

प्रमुख प्रशासकीय अधिकृत